**वजेट सार्वजनिकरण कार्यक्रमको अध्यक्ष एवम नगर प्रमुख श्री भुपेन्द्र कुमार लावति ज्यू, प्रमुख अतिथि माननिय प्रदेश प्रमुख श्री पर्शुराम खापुङ ज्य, विशिष्ट अतिथी ज्यू, विशेष अतिथि ज्यू, हाम्रो निमन्तरणालाई स्वीकार गरी उपस्थित हुनु भएका सम्पुर्ण अतिथि ज्यूहरु, कर्मचारी मित्रहरु, सुरक्षाकर्मि ज्यू, पत्रकार ज्यूहरु एवम लेटाङ नगरवारसी दिदिवहिनी तथा दाजुभाईहरु**

१.**"सुसंस्कृत र समृद्ध नगर"** विकासमा नगरपालिकाले लिएको नीति कार्यान्वयन गर्न सीमित स्रोत र साधनको उच्चतम उपयोग गर्दै पूर्वाधार तथा आर्थिक सामाजिक विकास, सुशासन प्रवर्द्धन र नागरिक सन्तुष्टि अभिबृद्धि गर्न निम्न सिद्धान्तर तथा प्राथमिकताका आधारमा बजेट तथा कार्यक्रम तयार गरिएको छ।

**२.वजेट तथा कार्यक्रमका सिद्धान्तहरू**

१. सेवा प्रवाहलाई सरलीकृत एबम् प्रविधिमैत्री वनाउने
२. समष्टिगत आर्थिक स्थायित्व कायम गर्न सहजिकरण गर्ने
३. नागरिक सहभागितामा आधारित वजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने
४. उत्पादन एवम उत्पादकत्व अभिबृद्धि गर्ने र गरिवी न्युनिकरणका लागि स्वरोजगार र रोजगारी सृजना गर्न जोड दिने
५. गुणस्तरीय भौतिक पुर्वाधार निर्माणमा जोड दिने
६. शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरूमा जोड दिने
७. प्राकृतिक स्रोतको उपयोगमा विशेष सावधानी र ध्यान दिने
८. सामाजिक समस्याहरू न्यूनीकरण गर्ने
९. विकास र विपद ब्यवस्थापनमा जनसहभागिता अभिवृद्धि

**वजेट तथा कार्यक्रमका प्राथमिकताहरू**

१. सुशासन र संस्थागत विकास
२. कृषि तथा पशुपंक्षी क्षेत्रको ब्यवसायीकरण र उत्पादन अभिबृद्धि
३. पुर्वाधार क्षेत्रको दिगो विकासका कार्यक्रमहरू
४. शैक्षिक पूर्वाधार विकास र गुणस्तर सुधार,
५. उद्यम तथा सीप विकास र प्रविधि हस्तान्तरण कार्यक्रम
६. आन्तरिक राजश्व सुधार र कुशल परिचालन
७. आन्तरिक नियन्त्रण प्रणालीलाई कार्यान्वयन
८. पर्यटन पूर्वाधार र प्रचारप्रसार कार्यक्रम
९. शान्ती सुरक्षा, मेलमिलाप, लागु औषध दुर्ब्यशन नियन्त्रण,
१०. सडक सुरक्षा, सवारी दुर्घटना न्युनिकरण,

आदरणिय नगरवासी दाजुभाई तथा दिदिवहिनी अव म चालु आर्थिक वर्षको वजेट तथा कार्यक्रमको आय र व्यय विवरण विवरण सार्वजनिकरण गर्दछु ।

**३.चालु आर्थिक वर्षको बजेट खर्चको अवस्था**

क. चालु आव २०८१/८२ को कुल आय रू ६१ करोड १८ लाख ५० हजार अर्थात प्रतिशतमा ९९.५२ प्रतिशत प्राप्ति भएको छ ।

ख. चालु आव कुल व्यय रू ५१ करोड ७५ लाख ७० हजार अर्थात प्रतिशतमा ८४.१९ प्रतिशत भएको छ । जसमा चालु खर्च रु ३७ करोड ७५ लाख २४ हजार अर्थात चालु तर्फ विनियोजनको ८४. ९३ प्रतिशत खर्च भएको छ र पुजीगत खर्च तर्फ १४ करोड ४५ हजार अर्थात पुजिगत तर्फ विनियोजन रकमको ८२.१८ प्रतिशत खर्च भएको छ ।

ग. चालु आ व मा अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत

i. सामाजिक सुरक्षा तथा संरक्षण तर्फ खर्च रु १६ करोड २८ लाख ८९ हजार ७ सय ५६ रुपैया खर्च भएको छ ।

ii. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (मृगौला पिडित) तर्फ २० लाख ३५ हजार खर्च भएको छ । र

iii. एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम (१० शैया अस्पताल निर्माण) तर्फ रु २ करोड ३४ लाख २२ हजार गरि कुल रु १८ करोड ८३ लाख ४६ हजार ७ सय ५६ रुपैया खर्च भएको छ ।

२. चालु आर्थिक वर्ष २०८१/८२मा विषय क्षेत्रगत व्यय विवरण प्रस्तुत गर्दछु ।

क. आर्थिक विकास तर्फ रु ५ करोड ६३ लाख ४१ हजार विनियोजन भएको मा कुल खर्च रु ४ करोड ८२ लाख ३६ हजार २५ रुपैया भई विनियोजनको ८५.६१ प्रतिशत भएको छ।

ख. सामाजिक विकास तर्फ रु २७ करोड ११ लाख ८८ हजार ५ सय विनियोजन भएको मा कुल खर्च रु २२ करोड ४८ लाख ८३ हजार ९८ रुपैया भई विनियोजनको ८२.९३ प्रतिशत भएको छ।

ग. पुर्वाधार विकास तर्फ रु ११ करोड ६५ लाख ७५ हजार विनियोजन भएको मा कुल खर्च रु ९ करोड ७० लाख १२ हजार ३ सय १५ रुपैया भई विनियोजनको ८३.२२ प्रतिशत भएको छ।

घ. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ रु ५ करोड ४० लाख ८ हजार ५ सय विनियोजन भएको मा कुल खर्च रु ४ करोड ६३ लाख २० हजार ६ सय १७ रुपैया भई विनियोजनको ८५.७७ प्रतिशत भएको छ।

ङ. कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ रु ११ करोड ६६ लाख ४७ हजार विनियोजन भएको मा कुल खर्च रु १० करोड ११ लाख १८ हजार २ सय ५४ रुपैया भई विनियोजनको ८६.६७ प्रतिशत भएको छ।

**अव म आगामी अर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रमको सारंश प्रस्तुत गर्दछु ।**

अनुमानित आय तर्फ

| सि.नं. | अनुमानित आय शीर्षक | अक्षेरेपी |
|---|---|---|
| १ | आन्तरिक आय | २ करोड ७२ लाख ३५ हजार |
| २ | स्थानीय दहत्तर बहत्तर वाडफाड | २ करोड १० लाख |
| ३ | अनुमानित वैक मौज्दात सर्ने | २ करोड ५० लाख |
| ४ | राजश्व वाडफाड नेपाल सरकार | ११ करोड ८३ लाख २२ हजार २ सय |
| ५ | राजश्व वाडफाँड प्रदेश सरकार | ८७ लाख ५० हजार |
| ६ | स्थानीय राजश्व मालपोत वाडफाड | १ करोड २५ लाख |
| ७ | रोयल्टी मनोरन्जन कर | १२ लाख ५० हजार |
| ८ | वित्तीय समानिकरण संघीय | १२ करोड २० लाख |
| ९ | वित्तीय समानिकरण प्रदेश | १ करोड दश लाख ३६ हजार |
| १० | संघीय समपुरक | १ करोड |
| ११ | प्रदेश समपुरक | ८० लाख |
| १२ | संघीय विषेश अनुदान | ६९ लाख |
| १३ | संघीय शसर्त | २२ करोड ६१ लाख |
| १४ | प्रदेश शसर्त | ९० लाख ३५ हजार |
| १५ | उपभोक्ता समिति लागत साझेदारी | ३५ लाख |
| | **जम्मा** | **६१ करोड ६ लाख २८ हजार २ सय** |

यसमा अन्तरसकारी वित्तीय हस्तान्तरण तर्फको सामाजिक सुरक्षा भत्ता, १० शैया अस्पताल निर्माण लागायत कोलेनिका मार्फत भुक्तानी हुने वजेटको संघिय सरकारबाट अख्तियारी प्राप्त नभएको हुदा समावेश गरिएको छैन ।

आर्थिक वर्ष २०८२/८३ को विषय क्षेत्रगत ब्यय तर्फ

| विषय क्षेत्र | अनुमानित ब्यय अक्षेरेपी |
|---|---|
| आर्थिक विकास | ४ करोड ३२ लाख १६ हजार २ सय |
| सामाजिक विकास | २६ करोड ७५ लाख १ हजार २ सय |
| पुर्वाधार विकास | १४ करोड ५० लाख ३२ हजार ८ सय |
| सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | ३ करोड ८३ लाख ७८ हजार |
| कार्यालय संचालन तथा विविध तर्फ | ११ करोड ६५ लाख |
| कुल जम्मा | ६१ करोड ६ लाख २८ हजार २ सय |

वजेटको चालु तथा पुँजीगत विवरण

| विवरण | विनियोजित | प्रतिशत |
|---|---|---|
| चालु खर्च तर्फ | ४२ करोड १७ लाख ६९ हजार ४ सय | ६९.०७ |
| पुँजीगत खर्च तर्फ | १८ करोड ८८ लाख ५८ हजार ८ सय | ३०.९३ |
| कुल | ६१ करोड ६ लाख २८ लाख २ सय | १०० |

## नगरवासी दाजुभाई तथा दिदिवहिनिहरु अव म

आ.व. २०८२/८३ को संक्षिप्त  वजेट तथा कार्यक्रम विवरण प्रस्तुत गर्दछु

१.वडा कार्यालय तर्फ कुल ५ करोड ८५ लाख बिनियोजन गरिएको छ

२.एक वडा एक नगर गौरवका योजनाका लागि रु २ करोड २५ लाख बिनियोजन गरिएको छ

३.संघीय समपुरक अनुदान अन्तर्गत अन्तरधार्मिक शान्तीपार्क निर्माणमा नगरपालिकाको ५०% साझेदारी सहित कुल रु २ करोड  बिनियोजन गरिएको छ

४.प्रदेश समपुरक योजना अन्तर्गत बुध्द मार्ग कालोपत्रे र लोखरा लाख सडक कालोपत्रे नागरपालिकाको ६०% साझेदारी सहित रु १ /१ करोड गरी कुल जम्मा रु २ करोड विनियोजन गरिएको छ ।

५.आर्थिक विकास अन्तरगत कृषि विकास तर्फ ५० लाख, पशुपंक्षी विकास तर्फ ६१ लाख ४५ हजार, पर्यटन तर्फ ५४ लाख, उद्यम तथा लक्षित तर्फ ३० लाख ८४ हजार, जलस्रोत तथा सिचाईतर्फ, ९३ लाख, सहकारी विकास तर्फ ६ लाख ५० हजार विनियोजन गरिएको छ ।

६.सामाजिक विकास अन्तरगत शिक्षा तर्फ रू १ करोड ८३ लाख, युवा तथा खेलकुद तर्फ ३० लाख ८० हजार, स्वास्थ्य तर्फ ७६ लाख, महिला तथा वालवालिका तथा जेष्ठ नागरिक एबम् जेष्ठ नागरिक तर्फ ३६ लाख १० हजार, कला तथा संस्कृति संरक्षण तर्फ १० लाख विनियोजन गरिएको छ ।

७.सुशासन ब्यवस्थापन तथा अन्तर सम्वन्धित क्षेत्र र वातावरण तथा विपद ब्यवस्थापन क्षेत्र अन्तरगत विपद ब्यवस्थापन कोषमा ६० लाख, चुरे क्षेत्रको मुहान संरक्षण १० लाख ७५ हजार,  सामुदायिक वन संरक्षण अनुदान १० लाख ५० हजार विनियोजन गरिएको छ ।

८. पुर्वाधार विकास तर्फ

- वडा नं ५ वडा कार्यालय भवन निर्माण ५० लाख बिनियोजन गरिएको छ
- कोलबोटे खोला लेटाङ १मा कजवे निर्माण २० लाख बिनियोजन गरिएको छ
- पाटीखेत तटबन्ध निर्माण १० लाख बिनियोजन गरिएको छ
- लेटाङ कानेपोखरी सडक विस्तार १० लाख बिनियोजन गरिएको छ
- पहाडी क्षेत्रको बाटो मर्मता र नयाँ ट्र्याक निर्माण १५ लाख बिनियोजन गरिएको छ
- पर्यटन पूर्वाधार निर्माण ५४ लाख बिनियोजन गरिएको छ
- मुर्चुङ्गी खोला पुल निर्माण सम्पन्न गर्न ३६ लाख बिनियोजन गरिएको छ
- सडक मर्मत सडकवोर्ड साझेदारी २५ लाख (नगरतर्फ) बिनियोजन गरिएको छ । शान्ति भगवती मा वि मा छात्राबास तला थप ६९ लाख (संघीय विशेष अनुदान) प्राप्त भएको छ
- गुरूयोजनाका आधारमा विद्यालय भवन ५५ लाख (संघीय सशर्त) प्राप्त भएको छ

- महिला र अपाङ्ग सेनीटरी उद्योग स्थापना २० लाख (प्रदेश सशर्त) प्राप्त भएको छ
- पानी ट्याङ्कीदेखी लम्सालटोल सडक स्तरोन्नती वडा नं २ लेटाङ (संघ सशर्त) २५ लाख प्राप्त भएको छ
- (संघ सशर्त) बाट सुन्तला खेती प्रवर्ध्दन ९ लाख र (प्रदेश सशर्त) बाट रू ७ लाख ५० हाजार गरी जम्मा १६ लाख ५० हजार प्राप्त भएको छ
- कफीखेती प्रवर्द्धन १० लाख (प्रदेश सशर्त) प्राप्त भएको छ

**४. नयाँ कार्यक्रमहरू**

- कृषकलाई दुघ्द उत्पादन र टमाटर उत्पादनमा उत्पादनका आधारमा अनुदान कार्यक्रम
- ग्रामीण भेटनरी प्राविधिक प्रमाणीकरण उत्पादन तालिम स्थानिय स्तरकै जनशक्ति विकास गर्ने र स्थानिय स्तरमै परिचालन हुने।
- लिफ्टीङ खानेपानी,विद्युतीय सिंचाइ तथा लिफ्टीङ सिंचाइको विद्युत महसुलमा ५० प्रतिशत अनुदान दिने कार्यक्रम
- सर्प दंश उपचार सेवा निशुल्क सञ्चालन
- पुरस्कार प्रायोजन गर्दै सस्थाहरूको सहभागितामा नगरस्तरीय खेलकुद प्रतियोगिता आयोजना
- प्रशिक्षण उत्पादन सहयोग कार्यक्रम सञ्चालन

**५. शिक्षाका मुख्य मुख्य क्रियाकलापहरू**
**(शिक्षा तर्फ चालु १ करोड ५१ लाख र शिक्षा पुँजीगत ३२ लाख)**

क) डिजीटल प्रविधिको प्रयोग अभिवृद्धि स्मार्टवोर्ड वितरण
ख) विद्यालय पूर्वाधार निर्माण, मर्मत, रङरोगन तथा सुधार
ग) प्रधानाध्यापक प्रोत्साहन भत्ता थप
घ) अभिभावक शिक्षा कार्यक्रम
ङ) कक्षा १० परीक्षामा सहभागी विद्यार्थीलाई वृत्ति परामर्श
च) शैक्षिक प्रदर्शनी र उपचारात्मक सिकाइ वृद्धिका लागि सिकाइ क्याम्प
छ) बालिका शिक्षा बचत, माध्यमिक छात्रवृत्ती कार्यक्रमको निरन्तर
ज) उच्च शिक्षा संस्थागत अनुदान र छात्रवृत्ति

६. सस्थागत विकास तथा सुशासन प्रवर्दन :

क. बजेट बिनियोजन गर्दा अवण्डामा बजेट विनियोजनलाई निरुत्साहन गरिएको छ ।

ख. लुम्बीनि संस्कृतिक नगरपालिका रुपन्देहीसंग भगिनि सम्बन्ध कायम गरिएको छ।

ग. आवधिक योजना, मध्यकालिन खर्च संरचना, आयोजना बैंक,आर्थिक सर्वेक्षण,आर्थिक विकास रणनीति शिक्षा विकास योजना नगरक्षमता विकास योजना गुनासो सुनुवाई सम्बन्धि संस्थागत व्यवस्था आदि संचालनमा रहेका छन।

घ. पुर्ण खोप सुनिश्चितता घोषणा गरिएको, ग्रामीण आमा स्वास्थ्य सुरक्षा सञ्चालन, लेटाङ ४ लाई बालमैत्री वडा घोषणा तयारी गरिएको नगर अस्पताल संचालनमा रही क्यान्सर परिक्षण, आंखा उपचार, दन्त उपचार, थप सेवा विस्तार गरिएको ।पशु अस्पताल, आयुर्वेद उपचार केन्द्र संचालनमा रहेको।

ङ. लैङ्गिक परीक्षण सामाजिक परीक्षण सार्वजनिक सुनुवाईको निरन्तरता दिइएको छ।

**धन्यवाद।**